# मुखियापट्टी मुसहरनिया गाउँपालिका शिक्षा परिचालक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

प्रमाणिकरण मिति:

उदय कुमार यादव
गा.पा. अध्यक्ष

प्रस्तावना: प्रचलित कानुन तथा मापदण्ड बमोजिम मुखियापट्टी मुसहनिया गाउँपालिकामा स्थापना भई सञ्चालनमा रहेका सामुदायिक विद्यालयका शैक्षिक गुणस्तर अभिवृद्धी गर्न, विद्यालयको दैनिक पठनपनठनलाई र प्रशासनिक गतिविधि तथा विद्यार्थीहरुको उपस्थितिमा अहम भुमिका निर्वाह गर्न, गाउँपालिकालाई प्रतिवेदन गर्न आवश्यक योग्यता भएको जनशक्तिलाई शिक्षा सुधार तथा प्रभावकारी र पारदर्शी उद्देश्यले परिचालन, व्यवस्थापन तथा गुणस्तरीय शिक्षा सवै वालवालिकालाई प्रदान गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(ज), दफा १०२ बमोजिम मुखियापट्टी मुसहरनिया गाउँ कार्यपालिकाले यो शिक्षा परिचालक कार्यविधि २०८० स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "शिक्षा परिचालक कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) 'इकाइ' भन्नाले शिक्षा विकास तथा समन्वय इकाइलाई सम्झनुपर्छ ।

ख)' केन्द्र' भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र लाई सम्झनुपर्छ ।

ग) 'मन्त्रालय' भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय लाई सम्झनुपर्छ ।

घ) 'स्थानीय तह' भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकालाई सम्झनुपर्छ ।

ङ) 'कार्यपालिका' भन्नाले मुखियापट्टी मुसहरनिया गाउँ कार्यपालिका सम्झनुपर्छ ।

च) 'शिक्षा, युवा तथा खेलकुद शाखा' भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई जनाउनेछ ।

(छ) 'विद्यालय' भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

ज) 'शिक्षा समिति' भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली बमोजिम गठन भएको गाउँ शिक्षा समिति सम्झनुपर्छ ।

झ) 'समिति' भन्नाले यस कार्यविधि बमोजिम गठन भएको शिक्षा छनोट तथा सिफारिस समिति सम्झनुपर्छ ।

ञ) 'शिक्षा परिचालक ' भन्नाले यस कार्यविधि बमोजिम नियुक्त शिक्षा परिचालक सम्झनुपर्छ ।

ट) प्र.अ. भन्नाले प्रधानाध्यापक सम्झनुपर्छ ।

३. शिक्षा परिचालनको उद्देश्य तथा क्षेत्रः (१) शिक्षा परिचालकको उद्देश्य देहायबमोजिम हुनेछ :

क) विद्यालयमा रहेको शिक्षक अभावलाई आंशिक रुपमा परिपूर्ति गर्नु ।

ख) विद्यालय स्तरको शैक्षिक गुणस्तर अभिवृद्धिमा सघाउ पुऱ्याउनु ।

ग) विद्यालय अभिभावक र गाउँपालिका विच समन्वय र सहकार्य गरि शैक्षिक गुणस्तर र नियमितता कायम गर्नु ।

घ) विद्यालय वाहिर रहेका विद्यार्थीहरुलाई विद्यालयमा भर्ना हुन प्रेरित गर्ने ।

ङ) शिक्षक विद्यार्थीहरुको दैनिक नियमितता, समयको पालना र आचरणमा सुधारमा सहयोग गर्नु ।

Scanned with CamScanner

च) शिक्षकको अनुपस्थिति भएको वेला शिक्षकको भुमिका समेत निर्वाह गर्नु ।

छ) यस दफा उल्लेख भएका कार्य सम्बन्धमा गाउँ कार्यपालिकामा (बुँदा 'क' मा समेत) नियमित रुपमा प्रतिवेदन गर्ने ।

ज) गाउँपालिकाले निर्देशन दिएको अन्य कार्य गर्ने ।

## परिच्छेद २

## शिक्षा परिचालक सम्बन्धी व्यवस्था:

४. शिक्षा परिचालकका क्षेत्रहरु (१) गाउँपालिकाकाले उपलब्ध आन्तरिक श्रोत/राजस्व फाडफाड शिर्षकवाट निर्वाह भता पाउने गरि शिक्षा परिचालक तपसिल क्षेत्रमा परिचालन गरिनेछ ।

१) आधारभुत तह २) माध्यमिक तह ३) उच्च माध्यमिक तह

५. शिक्षा परिचालक छनोट तथा सिफारिस समिति (१) सामुदायिक विद्यालयमा शिक्षा परिचालक छनौट गरि नियुक्तिका लागि सिफारिस गर्न पालिका स्तरमा देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | संयोजक |
| ख) कम्तिमा स्नाकोत्तर तह उर्तिण गरेको शिक्षक विज्ञ १ जना | सदस्य |
| ग) शिक्षा समिति मध्ये १ जना | सदस्य |
| घ) शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

(२) शिक्षा छनौट तथा सिफारिस समितिको सचिवालय शिक्षा शाखामा रहनेछ ।

(३) शिक्षक छनौट तथा सिफारिस समितिको बैठक सम्बन्धी अन्य कार्यविधि शिक्षा समिति निर्धारण गरे बमोजिम हुनेछ ।

(४) शिक्षा परिचालक पदको सेवा करार सम्बन्धी प्रकृया गाउँपालिकाले स्वीकृत गरेको करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ बमोजिम हुनेछ ।

## परिच्छेद -३

## शिक्षा परिचालकको संख्या निर्धारण, छनोट तथा नियुक्ति सम्बन्धी व्यवस्था

**६. शिक्षा परिचालकको संख्या निर्धारण** (१) प्रत्येक सामुदायिक विद्यालयमा १/१ जना योग्यता अनुसार विद्यालयको सख्याको आधारमा निर्धारण गर्नेछ ।

**७. शिक्षा परिचालक हुन चाहिने योग्यता:** शिक्षा परिचालक हुन देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :

क) नेपाली नागरिक

ख) १८ वर्ष उमेर पूरा गरेको

ग) मगज नबिग्रेको

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षा सेवाका लागि अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नगरिएको

च) मान्यता प्राप्त शिक्षण संस्थाबाट आधारभूत तहका लागि प्रविणता प्रमाण पत्र, माध्यमिक तहको लागि स्नातक र उच्च माध्यमित तहका लागि कम्तिमा स्नातकोत्तर परीक्षा उतीर्ण भएको ।

**८. शिक्षा परिचालक छनोट तथा परिचालन सम्बन्धी व्यवस्था** (१) गाउँपालिकाको शिक्षा शाखाबाट यकिन गरिएको संख्यामा शिक्षा परिचालक नियुक्ति गरि परिचालन गर्नका लागि समितिले १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम शिक्षा परिचालकको नियुक्ति लागि गरिएको विज्ञापनको सूचना गाउँपालिका, वडा कार्यालयमा टाँस गर्नुका साथै स्थानिय विद्यालय तथा संचार माध्यमलाई प्रकाशन तथा प्रसारणको लागि जानकारी गर्नुपर्नेछ ।

Scanned with CamScanner

(३) उपनियम (१) र (२) बमोजिम आवेदन माग गरेका उम्मेदवारहरु बिचमा शिक्षा नियमावली २०५९ र शिक्षा सेवा आयोगको पाठ्यक्रम बमोजिम लिखित, मौखिक र प्रयोगात्मक परीक्षा मध्ये कुनै एक परीक्षा अनिवार्य सञ्चालन गर्नुपर्नेछ । तर आवश्यकतानुसार एक भन्दा बढी परीक्षा सञ्चालन गर्न सकिन्छ ।

(४) उपनियम (३) बमोजिम दरखास्त दिई प्रतिस्पर्धाका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट निर्धारित संख्या, तह, विषय मिल्ने गरि समितिले बढीमा एक शैक्षिक सत्रका लागि शिक्षक करारमा नियुक्ति गरि परिचालनको लागि विद्यालयलाइ सिफारिस गर्न शिक्षा शाखामा पठाउन सक्नेछ ।

**९. शिक्षा परिचालकको नियुक्ति :** (१) समितिको सिफारिसलाई शिक्षा शाखाले शिक्षा समितिबाट अनुमोदन गराई शिक्षा परिचालकको आवश्यक भएको विद्यालयमा परिचालनको लागि नियुक्तिको सिफारिस पत्र प्रदान गर्नेछ ।

२) उपनियम (१) बमोजिम सिफारिस गरेको व्यक्तिलाई सम्बन्धित विद्यालयले अनुसुचि- २ बमोजिमको ढाचामा सम्झौता गरी नियुक्ति गर्नु पर्नेछ । र सो को अभिलेखिकरणको लागि विद्यालयले शिक्षा शाखालाई जानकारी पत्र पठाउनु पर्नेछ ।

(३) नियुक्ति भएको मितिले पन्द्र दिन भित्र विद्यालयमा हाजिर भई शिक्षा परिचालकले शिक्षण कार्य प्रारम्भ गर्नु पर्नेछ। सो अवधि भित्र शिक्षण कार्य प्रारम्भ नगरेमा नियुक्ति स्वतः बदर हुनेछ ।

(४) शिक्षा परिचालकले कुनै कारणवश कार्य अवधि पूरा नहुदै सेवा छाड्नु पर्ने भएमा एक महिना अगावै सम्बन्धि विद्यालयलाई र सम्बन्धि विद्यालयले गाउँपालिकाको शिक्षा शाखालाई जानकारी गराउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम रिक्त स्थानमा बाँकी अवधिका लागि मात्र समितिले सूचिकृत मध्येबाट सिफारिस गरेको व्यक्तिसँग सम्झौता गरी विद्यालयले नियुक्ति गर्न सक्नेछ ।

(६) उपनियम (२) बमोजिम शिक्षा परिचालक करारमा नियुक्ति भएपछि शिक्षा परिचालकका लागि गाउँ सभाले बजेट विनियोजन गरेमा शिक्षा समितिको अनुमतिमा शिक्षा शाखाले एक शैक्षिक सत्र नबढाई करारको म्याद थप गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम करारको म्याद थपिएको जानकारी सम्बन्धित विद्यालयलाई शिक्षा, युवा तथा खेलकुद शाखाले जानकारी दिने र विद्यालयले पुन: त्यस्ता शिक्षकको हाजिरी गराईएको जानकारी गाउँपालिका वा शाखामा दिने ।

**१०. निर्वाह खर्च** (१) शिक्षा परिचालकको आफ्नो पदमा बहाल रहेको मितिदेखि मासिक निर्वाह खर्च पाउनेछ ।

**११. परिचालन गर्न सक्ने** शिक्षा, युवा तथा खेलकुद शाखाले शिक्षा परिचालकलाई शिक्षा समितिको सिफारिसमा एक विद्यालयबाट अर्को विद्यालयमा परिचालन गर्नेछ। यसरी परिचालन गर्दा परिचालन नहुने शिक्षा परिचालकको करार नवीकरण गरिनेछैन ।

**१२. शिक्षा परिचालकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।**

क) विद्यालयमा सुशासन व्यवस्थापनमा सहयोग पुर्याउनु ।

ख) विद्यार्थी उपस्थितलाई प्रोत्साहन गर्नु

ग) प्र.अ.को मातहतमा रही विद्यालयमा पठन पाठन तथा अन्य कार्यमा सहयोग गर्ने ।

घ) प्र.अ./विद्यालयमा विद्यार्थी उपस्थितिका लागि अभिवावक संग समन्वय सहकार्य र व्यवस्थापनमा भुमिका निर्वाह गर्नु

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गर्न गराउनमा सहयोग पुर्याउनु ।

च) दिवा खाजा व्यव्स्थापनमा सहयोग पुर्याउनु र सो सम्बन्धी सही तथ्याङ्क सुनिश्चित गर्नु गराउनु ।

छ) विद्यार्थी तथा शिक्षक उपस्थितिमा निरन्तरता कायममा सहयोग पुर्याउनु ।

ज) शिक्षक अनुपस्थित रहेमा पठन पाठन कार्यमा सहयोग गर्नु ।

झ) शिक्षक र विद्यार्थी तथा पठन पाठन लगायत अन्य गतिविधिको वारेमा गाउँपालिकामा प्रतिवेन दिनु ।

ञ) विद्यालय तथा गाउँपालिकाले तोकेको अन्य कार्यहरु गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**१३. शिक्षा परिचालकको करार सेवा समाप्ति सम्बन्धी व्यवस्था:** (१) शिक्षा परिचालकलाई देहाय बमोजिमको अवस्थामा शिक्षा समितिले करार सेवा समाप्ति गर्न गाउँपालिकामा सिफारिस गर्न सक्नेछ।

क) करारको अवधि समाप्त भएमा

ख) स्वेच्छिक रुपले करार सेवा समाप्ति गरिदिने इच्छा व्यक्त गरी गाउँपालिका समक्ष लिखित निवेदन दिएमा

ग) शारिरिक अस्वस्थताको कारण विद्यालयमा अनुपस्थित भई नियमित कामकाज गर्न असमर्थ भएमा

घ) खराब आचरण प्रर्दशन गरेमा

ङ) बिना सूचना लगातार पन्ध्र दिन सम्म विद्यालयमा अनुपस्थित भएमा

च) सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा

छ) मादक पदार्थ सेवन गरि आएको व्यहोरा स्वाथ्यकर्मीले प्रमाणित गरेमा

ज) माथिका बुदाहरु मध्ये कुनै प्रकारको अनुशासनहीनता भए सफाईको मौका दिईनेछ, संतोषजनक जवाफ नभएमा गाउँपालिकाले जुनसुकै वखत करार सेवा रद्द गर्नेछ।

## परिच्छेद -४

## शिक्षा परिचालकको सेवा शर्त र सुविधा

**१४ शिक्षा परिचालकको सेवा शर्त** (१) शिक्षा परिचालकलाई एक शैक्षिक सत्रका लागि करार सम्झौता गरिनेछ। परिच्छेद ३ (१०) बमोजिम विद्यालयमा नियुक्त भएका शिक्षा परिचालक आवश्यक परेमा र गाउँसभाबाट शिक्षा परिचालकका लागि बजेट सवीकृत भई कार्यक्रमले निरन्तरता पाएमा शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले एक शैक्षिक सत्रमा म्याद थप गरि करार गर्न सक्नेछ।

(२) शिक्षा परिचालकले सम्झैतामा तोकिए बमोजिमको शर्तहरु अनिवार्य रुपमा पालना गर्नु पर्ने छ।

**१५. शिक्षा परिचालकलाई दिइने सुविधा** (१) शिक्षा परिचालकलाई अनुसुची ३ बमोजिमको मापदण्डको आधारमा मासिक निर्वाह खर्च उपलब्ध गराइनेछ।

(२) उपदफा (१) मा उपलब्ध गराइएको निर्वाह खर्चमा गाउँपालिकाले आफ्नो स्रोतबाट भुक्तान हुने गरि थप सुविध उपलब्ध गराउन सक्नेछ।

**१६. शिक्षा परिचालकको बिदा** (१) शिक्षा परिचालकको देहाय बमोजिमको बिदा पाउने छ।

क) विद्यालयमा रुजु हाजिरको आधारमा प्रत्येक महिना एक दिन विरामी विदा र एक दिन भैपरी आउने वा पर्व बिदा।

ख) आफ्नो रित र परम्परा अनुसार बढिमा पन्ध्र दिन किरिया बिदा।

ग) शिक्षा परिचालकले बिदाको स्वीकृति सम्बन्धित विद्यालयको प्रधानाध्यापकले गर्ने छ।

घ) महिला शिक्षा परिचालकलाई प्रसुति स्याहार विदा प्र.अ.ले तिन महिना सम्मको लागि स्वीकृत गर्न सक्नेछ।

## परिच्छेद ५

**१७.** शिक्षा, युवा तथा खेलकुद शाखाको भूमिका शिक्षा परिचालक सम्बन्धमा शिक्षा युवा तथा खेलकुद शाखाको भूमिका देहाय बमोजिम हुनेछ।

क) शिक्षा परिचालकको निर्वाह भत्ता बापतको रकम गाउँपालिकाले निजको खाता वा विद्यालयमा निकासा गर्नेछ

ख) शिक्षा परिचालकको कार्यसम्पादनको नियमित अनुगमन गर्ने

ग) गाउँसभाबाट कार्यक्रमले निरन्तरता पाई आगमी शैक्षिक सत्रका लागि आवश्यक पर्ने भएमा शिक्षा परिचालकको निरन्तरता दिईनेछ।

**१८.** शिक्षा परिचालक सम्बन्धमा विद्यालयको भूमिका देहाय बमोजिम हुने छ।

क) शिक्षा परिचालकलाई सम्झौता गरी नियुक्ति दिइ विद्यालयमा पठाएकोमा विद्यालयले हाजिरी गराई सो को जानकारी शिक्षा, युवा तथा खेलकुद शाखालाई गराउने।

ख) शिक्षा परिचालकको हाजिरी प्रमाणित गरि त्रैमासिक रुपमा शिक्षा शाखामा पठाउनु पर्नेछ।

Scanned with CamScanner

## परिच्छेद ६
## विविध

**१९.** शिक्षा परिचालकले देहाय बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ।

क) आफूले गरेको सम्झौता अनुसारका कार्य इमानदारीपूर्वक सम्पन्न गर्ने, अनुशासनमा रहि कार्य गर्ने

ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाइ हाजिर गर्ने र पहिले बिदाको अनुमति नलिइ विद्यालयमा अनुपस्थित नहुने।

ग) कुनै, भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना शिक्षक तथा विधार्थीमा फैलाउन नहुने

घ) नेपाल सरकारको नीति कानुनको प्रतिकुल हुने गरि कुनै पनि कार्य नगर्ने

ङ) नेपाल सरकारले शिक्षा क्षेत्र सँग सम्बन्धित जारि गरेको निर्देशिका नीति र कानुनको पालना गर्ने

च) कुनै पनि राजनितिक दलको गतिविधिमा संलग्न नहुने

छ) इमान्दार, शिष्ट, नम्र तथा पारदर्शी व्यवहार अवलम्वन गर्ने

**२०. अनुगमन तथा प्रतिवेदन व्यवस्थाः** (१) शिक्षा परिचालकले गरेको कार्यको नियमित अनुगमन शिक्षा, युवा तथा खेलकुद शाखामाबाट हुनेछ।

(२) शिक्षा, युवा तथा खेलकुद शाखाले उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदन त्रैमासिक रुपमा शिक्षा समितिमा पठाउनु पर्नेछ।

(३) शिक्षा, युवा तथा खेलकुद शाखामाबाट शिक्षा परिचालकले गरेका कार्यको नियमित अनुगमन भए नभएको विषयमा आवश्यकता अनुसार शिक्षा, युवा तथा खेलकुद शाखाले स्थलगत अनुगमन गर्न सक्नेछ।

**२१. समीक्षा गर्नेः** शिक्षा परिचालकको आवश्यकता तथा बजेट विनियोजन सम्बन्धमा प्रत्येक आर्थिक वर्ष गाउँसभाको बैठकमा छलफल गरिनेछ, आवश्यकता नभएको खण्डमा बजेट विनियोजन गरिनेछैन तथा प्रस्तुत कार्यविधि स्वतः निष्क्रिय हुनेछ।

**२२.बाझिएमा अमान्य हुनेः** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

Scanned with CamScanner

जय कुमार यादव
गा.पा. अध्यक्ष

अनुसूची- १

श्री.................................................................................विद्यालय मुखियापट्टी मुसहरनिया गाउपालिका
............................................................ धनुषा।

## शिक्षा परिचालक पदको दरखास्त फारम

१. वि.न.: २. तह: ३. विषय:

४. पद:

५. व्यक्तिगत विवरण सम्बन्धी:

| | | | | |
|---|---|---|---|---|
| उम्मेदवारको | नाम थर | देवनागरीक: | | |
| | | English Capital: | | |
| | ना.प्र.नं. | जारी गरेको जिल्ला: | | जारी मिति: |
| | स्थायी अध्यापन अनुमति पत्र नं. | | | तह: |
| | लिङ्ग: | धर्म: | वर्ण: | जाती: |
| | विशेष चिन्ह(हुलिया): | | | |
| | वैवाहिक स्थिति: | | मातृभाषा: | |
| स्थायी ठेगाना | जिल्ला: | गा.पा./न.पा.: | | |
| | वडा नं.: | टोल: | | |
| | मार्ग/घर नं. | फोन नं.: | | |
| पत्राचार गर्ने ठेगाना: | | इमेल: | | |
| बाबुको नाम थर: | | आमाको नाम थर: | | |
| बाजेको नामथर: | | पति/पत्नीको नाम थर: | | |
| जन्म मिति(साल,महिना, गते) | वि.सं.: | | ई.सं.: | |
| | दरखास्त दिने अन्तिम मिति सम्मको उमेर बर्ष: | | महिना: | दिन: |

६. न्यूनतम योग्यता सम्बन्धि विवरण (आवश्यक शैक्षिक योग्यता मात्र )

| क्र.सं. | अध्यन गरेको संस्थाको नाम | उतिर्णाङ्क | | | कुल प्राप्त अंक | प्रतिशत | मुख्य विषय |
|---|---|---|---|---|---|---|---|
| | | परिक्षा | साल | श्रेणी | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |

७. दश महिना वा सो भन्दा माथिको तालिमको विवरण

| क्र.सं. | तालिम दिने संस्थाको नाम | तालिमको नाम | विषय | परिक्षा उतिर्ण गरेको साल | श्रेणी | प्रतिशत | तालिमको अवधि | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | देखि | सम्म |
| १. | | | | | | | | |
| २. | | | | | | | | |

८. शिक्षा परिचालक पदको करार परीक्षाको लागि परिक्षा दस्तुर वापतको रकम रु. .......................................... को बैक भौचर नं...................................... दाखिला गरेको सक्कल भौचर र दरखास्त फारमका साथ संलग्न कागजातहरुको फोटोकापी सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरि थान.......... पुस साथ पेश गरेको छु

९.यस दरखास्तमा उल्लेख गरेका सम्पूर्ण विवरणहरु छन। उम्मेदवारको लागि दिइएको निर्देशन मैले राम्ररी पढेको छु र म ती सबै शर्तहरु पालना गर्ने मंजुर गर्दछु। लेखिएको विवरण झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाँउला।

| दायाँ औठाको छाप | बायाँ औठाको छाप |
|---|---|
| | |

उम्मेदवारको

दस्तखत:

Scanned with CamScanner

जय कुमार यादव
गा.पा. अध्यक्ष

अनुसूची- २

( दफा १० को उपदफा (२) सँग सम्बन्धित )

**शिक्षा परिचालक सँग विद्यालयले गर्नु पर्ने सम्झौता पत्रको ढाँचा**

श्री ...................................................................... विद्यालय (यस पछि 'प्रथम पक्ष' भनिनेछ ) र गा.पा./न.पा. वडा नं. ............ स्थानीय ठेगाना भई हाल ............................................................ बस्ने श्री (यस पछि 'दोश्रो पक्ष पक्ष' भनिनेछ ) बीच शिक्षा परिचालकको रुपमा मिति..................... देखि मिति...............................सम्म ............. विषयमा शिक्षण कार्य गर्ने भएको सम्झौता पत्र।

१. पथम पक्षले गर्नुपर्ने कार्यहरु

क) शिक्षा परिचालक कार्यविधि २०८० बमोजिम निर्वाह भता वापत रकम उपलब्ध गराउने।

ख) शिक्षा परिचालक कार्यविधि २०८० बमोजिम शिक्षाले पाउने विदाको सुविधा उपलब्ध गराउने।

ग) शिक्षा परिचालक कार्यविधि २०८० बमोजिम स्वयेंवकको आचार संहित पालना गराउने।

२. दोस्रो पक्षले पालन गर्नुपर्ने कार्यहरु

क) शिक्षा परिचालक कार्यविधि २०८० बमोजिम निर्वाह भता वापतको रकम उपलब्ध गराउने।

ख) नियमित पठनपाठनका साथै अतिरिकत कृयाकलाप लगायत विद्यालयले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

ग) शिक्षा परिचालक कार्यविधि २०८० बमोजिम स्वयेंवकको आचार संहित पालना गर्ने।

घ) निर्वाह भता वाहेक अन्य कुनै प्रकारको सेवा र सुविधा दावी नगर्ने।

**दोस्रो पक्षले पालन गर्नुपर्ने शर्तहरु**

नाम

ठेगाना

दस्तखत

मिति

**रोहवर**

नाम

पद

दस्तख्त

मिति

**प्रथम पक्षको तर्फवाट**

नाम

ठेगाना

दस्तखत

मिति

**रोहवर**

नाम

पद

दस्तख्त

मिति

अनुसूची ३

शिक्षा शिक्षा परिचालकको निर्वाह खर्च निर्धारणका आधारहरु

| क्र.सं. | तह | निर्वाह खर्च कुल | चार्डपर्व खर्च वर्षमा १ पट्क | पोशाक खर्च वर्षमा १ पट्क | हुन आउने रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आधाभुत तह | २८०००। | २८०००। | १००००। | | |
| २ | माध्यमिक तह | ३००००। | ३००००। | १००००। | | |
| ३ | उच्च माध्यमिम तह | ३३०००। | ३४०००। | १००००। | | |

Scanned with CamScanner

२. मुखियापट्टी मुसहरनिया गाउँपालिकावाट अनुदान/राहत दिने सम्बन्ध व्यवस्थापन गर्न बनेको नियमावली २०८० सम्बन्धमा।

३. शिक्षा परिचालक सम्बन्धमा।

४. विविध

**निर्णयहरुः**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.ब. ०८१/०८२ का लागि राष्ट्रिय आयोजना आयोगवाट प्रदान हुने समपुरक र विशेष अनुदान तथा तराई मधेश समृद्धी कार्यक्रममा देहाय बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो।

समपुरक अनुदान तर्फ

| क्र.स. | आयोजनाको नाम | संचालन हुने स्थान | लागत अनुमान रकम |
|---|---|---|---|
| | | | |

विशेष अनुदान तर्फ

| क्र.स. | आयोजनाको नाम | संचालन हुने स्थान | लागत अनुमान रकम |
|---|---|---|---|
| | | | |

तराई मधेश समृद्धी कार्यक्रम तर्फ

| क्र.स. | आयोजनाको नाम | संचालन हुने स्थान | लागत अनुमान रकम |
|---|---|---|---|
| | | | |

२. प्रस्तावन नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको लागि मुखियापट्टी मुसहरनिया गाउँपालिकावाट अनुदान/राहत दिने सम्बन्धमा व्यवसथापन गर्न वनेको नियमावली २०८० लागु गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकामा शिक्षा क्षेत्रमा सुधार तथा व्यवस्थापन गर्नको लागि बनेको मुखियापट्टी मुसहरनिया गाउँपालिका शिक्षा परिचालक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गरी लागू गर्ने निर्णय गरियो।

४. यस गाउँपालिकामा प्रचलित कानुन तथा मापदण्ड बमोजिम मुखियापट्टी मुसहनिया गाउँपालिकामा स्थापना भई सञ्चालनमा रहेका सामुदायिक विद्यालयका शैक्षिक गुणस्तर अभिवृद्धी गर्न, विद्यालयको दैनिक पठनपनठनलाई र प्रशासनिक गतिविधि तथा विद्यार्थीहरुको उपस्थितिमा अहम भुमिका निर्वाह गर्न, गाउँपालिकालाई प्रतिवेदन गर्न आवश्यक योग्यता भएको जनशक्तिलाई शिक्षा सुधार तथा प्रभावकारी र पारदर्शी उद्देश्यले परिचालन, व्यवस्थापन तथा गुणस्तरीय शिक्षा सवै वालवालिकालाई प्रदान गर्न आवश्यक भएकोले सवै सामुदायिक विद्यालयहरुको लागि १३ तेह्र वटा शिक्षा परिचालकको आवश्यकता भएकोले सो पदको विज्ञापन गर्ने निर्णय गरियो।

Scanned with CamScanner